# माउण्टेन इनर्जी नेपाल लि. को
## नवौं वार्षिक साधारण सभाको
## माइन्यूट

यस माउण्टेन इनर्जी नेपाल लि.को संचालक अध्यक्ष श्री सुहृद राज घिमिरेज्यूको अध्यक्षतामा देहायको स्थान, मिति र समयमा कम्पनीको नबौं वार्षिक साधारण सभा सम्पन्न भयो। सभाले निम्न प्रस्तावहरु माथि छलफल गरी निम्न बमोजिम निणर्य गऱ्यो।

**१. सभा भएको स्थान मिति र समय :-**

स्थान :- स्थान:- Amrapali Banquet Catering & Events,भाटभटेनी, काठमाण्डौ
मिति :- २०७९ साल पौष ०८ गते शुक्रबार (तदनुसार २३ डिसेम्वर, २०२२)
समय :- विहान १०.०० बजे

**२. सभाको सूचना:-**

मिति २०७९।०७।२९ गते बसेको यस कम्पनीको संचालक समितिको निणर्य अनुसार सभाहुने स्थान, मिति, समय र वार्षिक साधारण सभामा पेश गरी छलफल गर्ने विषयहरु उल्लेख गरी मिति २०७९।०८।०९ को नयाँ पत्रिका राष्ट्रिय दैनिक २०७९।०८।२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको र सम्वन्धित शेयरधनीहरुको ठेगानामा सभाको सूचना पठाइएको व्यहोरा सभालाई अवगत भयो ।

**३. गणपूरक संख्या :**

संस्थापक शेयरधनी स्वयं उपस्थित :- २०.५१ प्रतिशत
संस्थापकको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :- ३६.५९ प्रतिशत
सर्वसाधारण शेधनीको तर्फबाट स्वयं उपस्थित :- ०.२० प्रतिशत
सर्वसाधारणको तर्फबाट प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित :- xx प्रतिशत
कूलशेयर संख्याको उपस्थितिप्रतिशत :- ५७.३१ प्रतिशत

माथि उल्लेख भए अनुसारको कम्पनी ऐन २०६३ को दफा७३(२) तथा यस कम्पनीको नियमावली को नियम २३ अनुसार गणपूरक संख्याको लागि पर्याप्त छ।

**४. छलफलका विषयहरु :-**

**सामान्य प्रस्ताव :**

१. नबौं वार्षिक साधारण सभाको लागि संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
२. यस कम्पनीको लेखा परिक्षकको प्रतिवेदन, सहित २०७९ आषाढ मसान्त सम्मको वासलात, २०७८/७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तिय विवरणसंग सम्वद्ध अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस कम्पनीको आ.व. २०७८/०७९ को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा। (वर्तमान लेखा परिक्षक पुनःनियुक्तीको लागि योग्य हुनुहुन्छ )

Mountain Energy Nepal Ltd. Kathmandu, Nepal

४. संचालक समितिले प्रस्ताव गरेको नगद लाभांश स्वीकृत गर्ने सम्वन्धमा।
५. संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समिति निर्वाचन गर्ने सम्वन्धमा।
६. विविध

५. **उपस्थिती**

**(क) संचालकहरुको उपस्थिती: -**

| | |
|---|---|
| श्री सुहृद राज घिमिरे | अध्यक्ष |
| श्री सुव्रत धिताल | संचालक |
| श्री डोलराज शर्मा | संचालक |
| श्री श्याम सुन्दर खेतान | संचालक |
| श्री मनोहर दास मुल | संचालक |
| श्रीमती रचना अधिकारी | संचालक |
| डा. हरि शंकर श्रेष्ठ | स्वतन्त्र संचालक |

**ख) अन्य पदाधिकारी तथा आमन्त्रित व्यक्तिहरुको उपस्थिती :-**

**पदाधिकारी:**

| | |
|---|---|
| श्री समबहादुर भट्ट | अधिवक्ता - (कम्पनी सचिव) |

**आमन्त्रित:**

| | |
|---|---|
| श्री सुदर्शन राज पाण्डे | फाइनान्सियल कन्सल्टेन्ट (एस्.आर.पाण्डे एण्ड कं.) |
| श्री रमेश प्रसाद धिताल | वरिष्ठ अधिवक्ता (निर्वाचन अधिकृत ) |

**६. सभाको वैधानिकता:-**

आजको यस सभा कम्पनी ऐन २०६३ तथा नियमावली अनुसार अग्रीम सूचना जारी गरी सभा बोलाइएको र यस सभामा आवश्यकता अनुसार शेयर धनि स्वयम् तथा प्रतिनिधी मार्फत उपस्थित भई कूल शेयर संख्याको ५७.३१ प्रतिशत शेयरको प्रतिनिधित्व भई कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा नियमावलीको नियम २३ अनुसार आवश्यक गणपुरक संख्याको उपस्थिती रहेकोले यस सभालाई वैधानिक घोषित गरी यस कम्पनीका संचालक अध्यक्ष श्री सहृद राज घिमिरेज्यूको सभापतित्वमा नवौं वार्षिक साधारण सभा सञ्चालन गरियो। आज यस सभामा निम्न प्रस्ताव माथी छलफल गरी निम्न बमोजिम निर्णय भयो।

**छलफल तथा निणर्यहरु :**

**सामान्य प्रस्ताव :**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कम्पनीको नवौं वार्षिक साधारण सभाको कार्यक्रम संचालन अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिव अधिवक्ता श्री सम बहादुर भट्टज्यूले गर्नु भयो र कार्यक्रमको क्रममा आशन ग्रहण भयो। उक्त आशन ग्रहण पश्चात यस बार्षिक साधारण सभा समक्ष कम्पनीको संचालक अध्यक्ष श्री सुहृद राज घिमिरेज्यूले स्वागत मन्तव्य सहित कम्पनीको संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन र आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भयो र कम्पनीको प्रोजेक्ट ४२ मे.वा. को मिष्ट्री खोला जलविद्युत आयोजना र ५ मेगावाट तादी खोला जलविद्युत आयोजनाको समग्र अवस्थाको बारेमा विस्तृत रुपमा साधारण सभा समक्ष प्रस्तुत गर्नु भए पश्चात शेयरधनी श्री उद्धव प्रसाद घिमिरे, श्री डमरु

बल्लभ घिमिरे, श्री शत्रुधन श्रेष्ठ, श्री मनोज कुमार उप्रेती र श्री गौतम प्रसाद खनाल ज्यूहरुले कम्पनीको मुनाफाबाट नगद लाभांश वितरण गर्नु भएकोमा संचालक समितिलाई धन्यवाद दिदै कम्पनीले Booklet मा Management Team को पनि नाम र पद उल्लेख गर्नु भए राम्रो हुने, १२ मे.वा. को मिष्ट्री-२ जलविद्युत आयोजना (Cascade) को र आदीशक्ती इन्भेष्टमेण्ट कम्पनीको बारेमा के भई रहेको छ भनि जिज्ञासा राख्नु भएकोमा उक्त जिज्ञासाको जवाफ कम्पनीका संचालक एबं अध्यक्ष श्री सुहृद राज घिमिरे, संचालक श्री सुब्रत धिताल र फाइनान्सियल कन्सल्टेन्ट श्री सुदर्शन राज पाण्डे ज्यूहरुबाट उचित जवाफ तथा सुझाव हरुको अनुशरण गर्ने प्रतिवद्धता जाहेर गर्नु भएकोले अध्यक्षज्यूको प्रतिवेदन माथि छलफल गरी उक्त संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने निर्णय भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सम्वन्धमा छलफल हुँदा यस कम्पनीको तर्फबाट साधारण सभा समक्ष पेश हुन आएको लेखा परिक्षणको प्रतिवेदन सहितको २०७९ आषाढ मसान्त सम्मको वासलात, आयव्यय हिसाब, नगद प्रवाह विवरण, लेखा संग सम्वन्धित टिप्पणी एवं अनुसूचिहरु लगायतका वित्तिय विवरणहरु उपर छलफल गरी उक्त लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, आयव्यय विवरण लगाएतको वित्तिय विवरणहरुलाई पारित गर्ने निर्णय भयो । साथै उक्त कार्यको लागि लेखा परिक्षकज्यूलाई धन्यवाद दिने निर्णय भयो ।

**निर्णय नं. ३**

प्रस्ताब नं. ३ का सम्वन्धमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७९/०८० को लागि लेखा परिक्षण गर्न लेखा परिक्षक वि. आर पाण्डे एण्ड एशोसियटस, चार्टर्ड एकाउण्टेण्टस् लाई लेखा परिक्षक नियूक्त गर्नुको साथै निजको पारिश्रमिक मु.अ.कर बाहेक रु. २,२०,०००।०० (दुई लाख बीस हजार) दिने निर्णय भयो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कम्पनीको संचालक समितिबाट कम्पनीको मुनाफाबाट कर बाहेक दश (१०) प्रतिशतका दरले हुने नगद लाभांश अर्थात १०.५२६३ प्रतिशतको दरले हुने नगद लाभांश (जम्मा रकम रू. २०,७१,६०,७३७) को प्रस्ताव पेश हुन आएकोमा उक्त प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कम्पनीको नियमावली बमोजिम संस्थापक समुहको संचालकहरुको ४ वर्षे कार्यकाल पुरा भएकोले पुन संस्थापक समुहबाट संचालक समिति गठन गर्नुपर्ने भएकोले कम्पनीको संचालक समितिको निर्णय बमोजिम संचालकहरुको निर्वाचनको लागि बरिष्ठ अधिवक्ता श्री रमेश प्रसाद धितालज्यू निर्वाचन अधिकृत नियुक्त हुनु भएकोमा निजले कम्पनीको निर्वाचन निर्देशिका २०७७ बमोजिम निर्वाचनको प्रकृया पुरा गरी आगामी ४ वर्षको लागि कम्पनीका संस्थापक समुहबाट निम्न अनुसारको संचालकहरु निर्विरोध निर्वाचित हुनु भएको जानकारी यस वार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्नु भएकोले सो बमोजिमको संस्थापक समुहको संचालक रहने गरी निर्णय पारित गरियो । साथै उक्त कार्य सम्पन्न गर्नु भएकोमा वरिष्ठ अधिवक्ता श्री रमेश प्रसाद धितालज्यूलाई धन्यवाद समेत दिने निर्णय पारित गरियो ।

Mountain Energy Nepal Ltd.
Kathmandu, Nepal

**संस्थापक समुहका नवनियुक्त संचालकहरु :**

| नाम थर | पद |
|---|---|
| श्री सुहृद राज घिमिरे | संचालक |
| श्री मनोहर दास मुल | संचालक |
| श्री अरुण कुमार के.सी. | संचालक |
| श्री झनक दत्त खनाल | संचालक |
| श्री मोहन गुरुङ्ग | संचालक |

विविधमा यस बाहेक अन्य थप विषय बस्तु नहुँदा अध्यक्षज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यबाद दिंदै आजको साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

Mountain Energy Nepal Ltd.
Kathmandu, Nepal